# नहारेको मान्छे

विप्लव प्रतीक

२०६१

## नहारेको मान्छे

मैदानमा म एक्लै छु
र झ्याल थुनेर घरहरूको
च्याइरहेछौ तिमीहरू ।
मलाई मान्छेहरूले तमासा हेरेको मन पर्छ
र मलाई लाग्छ
मान्छेहरू तमासा हेर्ने केवल एक हूल भीड मात्रै हुन्
मलाई गर्व छ
मैदानमा म एक्लै छु ।

रुन्छु म, मलाई पनि दुःख छ
चोट, प्रहार अनि विचारको दुःख
तर गौरव छ मलाई, मैदानमा म एक्लै छु ।

आँधीसँग सामना गर्ने कुनै युवक
प्रहारसँग सामना गर्ने कुनै युवती भेट्ने रहर छ
आँसुका थोपालाई मोतीका रूपमा सजाएर
रत्नजडित किस्तीमा पेस गर्ने रहर छ ।

तर, मैदानमा म एक्लै छु
जून एक्ली, सूर्य एक्लो, पृथ्वी एक्ली

मैदानमा म एक्लै छु ।

नयाँसडक, ८ अक्टोबर १९८६

# नगरवधू

नाइँ त अवश्यै भन्छे
होला, बरु आफ्नै भाषामा
बगरेको हात परेकी
कुनै पनि बाखीले ।

तर, बगरेको नियत र धारिलो छुरा
त्यति दयावान् हुन कहाँ सम्भव छ र ?
उसले त जहाँबाट भए पनि सेरेर
बाखीको मासु ताछ्ने प्रक्रिया सुरु गर्छ ।

पछारिने, घिसारिने
रुने, कराउने प्रारब्ध
क्रमैसँग भोग्दै
बिचरी बाखी प्रहारपिच्छे पटकपटक चोइटिँदै
एकएक टुक्रामा विभाजित
सम्पूर्ण बिक्री हुन्छे ।

आखिरमा सबैले उसलाई चाख्छन्
तर, उसको स्वाद चाख्ने सिकारीहरूको स्वाद
उसले कहिल्यै चाख्न पाउँदिन ।

मञ्जुश्री टोल, ७ सेप्टेम्बर १९८२

# डर

मलाई डर छ
कतै कसैले मलाई प्रेम त गर्दै छैन ?
मलाई डर छ
कतै कसैले मलाई
पात-पात जोडेर
हाँगा-हाँगा खापेर
रूख त बनाउँदै छैन ?

म एउटा पात, जो पलाउँदा-पलाउँदै चुँडिन सक्छ
भुइँमा झर्न सक्छ र हावाले कतै लगेर मिल्काउन सक्छ
अनि माटोको गर्भमा कुहिदिन सक्छ
पातको के ठेगान, असमयमै झर्न सक्छ ।
मलाई डर छ
सहानुभूतिको मलम लगाएर
कसैले मलाई दया त गर्दै छैन ?

म गुलाफसँग उम्रिन्छु
पीपलसँग उम्रिन्छु
हावाद्वारा चुँडिन्छु, भुइँमा मिल्किन्छु, कुहिएर मल बन्छु
माटोसँग मिलेर फेरि उमार्छु अर्को नयाँ फूल
चक्र जीवनको घुमाइरहन्छु निरन्तर
जीवनको धुनमा मग्न म
जिन्दगीकै गीत गाइरहन्छु निरन्तर

तर, मलाई डर छ आँसुले पखालेर
कतै कसैले मलाई बगाउँदै त छैन ?

---

नयाँसडक, १ अगस्ट १९८५

## तिमी र ममध्ये एक जना भ्रममा बाँचिरहेछ

मान्छे भन्छन्, म उन्मुक्त कहिल्यै हाँसिन रे
मान्छे भन्छन्, म सुखी कहिल्यै बाँचिन रे
सुख, मलाई त लाग्छ एउटा भ्रम हो
हाँसो, मलाई त लाग्छ एउटा थप भ्रम हो

के तिमीहरू सब भ्रममा बाँचेका छैनौ ?
दुःखलाई बाँड्छौ अनि दङ्ग पर्छौ
समस्यालाई साट्छौ अनि हाँस्छौ
के तिमीहरूले कहिल्यै समुद्रको गहिराइ नापेका छौ ?
तिमीहरूलाई थाहा छ समुद्र गहिरो हुन्छ
त्यसैले डुब्ने डरले तिमीहरू भीडसँग सम्झौता गरिरहेछौ
पीडासँग आसपास खेल्दै आजु समात्ने कोसिस गरिरहेछौ
र, यता म आफ्ना साथीहरूसँग
डुमले भेट्टाउने ठाउँमा नै उभिरहेछु
उसले कुनै पनि बेला, कुनै पनि क्षण मलाई समात्न सक्नेछ ।

डुमको अर्को नाम दुःख हो, पीडा हो
अनि म आफू, ती सबसँग जुध्न सक्ने क्षमता हो ।
दुःख विचारको हुन सक्छ, दुःख मायाको हुन्छ
अनि दुःख बाँच्नुको पनि हुन्छ

म त चट्याङ परोस् भन्छु ममाथि
म हाँसिरहेको बेला
अनि सोच्न सकूँ म
के मेरा सम्पूर्ण लक्ष्यहरू भेटिइसके ?
म त प्रहार परोस् भन्छु ममाथि
म बाँचिरहेको बेला
अनि सोच्न सकूँ म
के मैले गर्नुपर्ने सम्पूर्ण कार्य सिद्धिइसके ?
प्रत्येक प्रश्न बाँच्नुका, के सुल्झिसके ?
प्रत्येक समस्या मान्छेका, के समाधान भए ?

सुखमा म त नयाँ कोल्टे फेर्नै सक्तिन
हाँसोमा म त नयाँ गोरेटो खोज्नै जान्दिनँ
सुख, मलाई त लाग्छ एउटा भ्रम हो
हाँसो, मलाई त लाग्छ एउटा थप भ्रम हो ।

---
नयाँसडक, ७ डिसेम्बर १९८५

## अन्तिम क्षण

यतिखेर
म मृत्युशैयामा छु
मर्दैछु म केहीबेरपछि नै
म, मरणासन्न छु।

मृत्यु भोग्नुपर्ने अवस्था कति गाह्रो हुन्छ
त्यही गाह्रो म भोगिरहेछु
तर, थाहा छैन किन हो
त्यसैमा आनन्द छ मलाई।
केही बेरपछि नै
म तिम्रा बन्धन, जिन्दगीका बाध्यता र समाजका औँला
सबैसबैबाट बन्धनमुक्त हुनेछु।

र, अहिल्यै म देखिरहेछु
कति आँखाहरू रोइरहेछन्
र कति आँखाहरूचाहिँ
मनमा खुसी हुलेर
केवल आँसु बगाइरहेछन्।

नयाँसडक, २० जनवरी १९८६

# असन्तुष्टि

सोच्तछु, किन बाँचिरहेछौँ ?
कुन बाटो हिँड्‌न ? कुन मान्छे चिन्न ?
कहाँ हिँडिरहेछौँ हामी, कुन देश चिन्न ?
हाम्रो अस्तित्व किन यस्तो छ ?
हाम्रो अस्तित्व किन बेग्लै हुन सकेन ?
जुन जन्म हाम्रो अवश्यम्भावी थियो
त्यो जन्म किन बदलेन ?

तर हामीले चाहेजस्तै हामी भएको भए
त्यसको विपरीत किन भएन ?

हामी मान्छे अनौठा छौँ
हामी जे छौँ
त्यो होइन भन्ठान्छौँ
हामी जे छैनौँ
किन भएनौँ, विरोध गर्छौं
सायद मान्छे एउटा असन्तुष्ट प्राणी हो
अनि आदिदेखि अन्त्यसम्म मान्छे छ र हुनेछ असन्तुष्टै,

सृष्टिका लागि, प्राप्तिका लागि
सम्भवतः अपरिहार्य छ असन्तुष्टि ।

---

नयाँसडक, १२ फेब्रुअरी १९८६

## प्रश्न

यो जीवन यदि सास फेर्नका लागि मात्रै हो भने
सास रोकिएर के फरक पर्छ यहाँ ?
सहस्र गोरेटाहरू खोसिएर
कुनै एउटा बाटो मात्रै हिँडिरहनुपर्ने भए
यात्राको नामोनिसान मेटिए पनि
के फरक पर्छ यहाँ ?

---

नयाँसडक, २५ फेब्रुअरी १९८६

# स्वदेशको माया

मन नलागीनलागी
कसैको पनि बनोट वा बुद्धिको तारिफ गर्नु
वा कसैलाई राम्रो भन्नु
चाकरीको सङ्केत हो
त्यसैले पनि स्वदेश
तिमीलाई माया गर्छु भनी अहिले भन्नुपरे
म आफूलाई चापलुस भएको अनुभव गर्दछु।

एउटा औपचारिकता हो, माया गर्छु भन्नु तिमीलाई
र त्यो औपचारिकताको औचित्य किन र केका लागि ?
यो होडबाजीको युगमा
म जब दौडिरहनु परिरहेछ आवश्यकताहरू भेट्न
यी अँध्यारा गल्लीहरूमा
म जब बिउँभिरहनु परिरहेछ आँखाहरू खोल्न
यो दायरा र परिधिको संसारबाहेक अरू त सोच्नै सक्दिनँ म,
अहिले त म सोच्दैछु
केवल आवश्यकताहरू भेट्न
आँखाहरू खोल्न र परिवर्तन गर्न।

तर, जबजब म टाढा हुन्छु स्वदेशबाट
जबजब म हेलिएको हुन्छु लाहुरतिर
मेरो देशप्रेम
लालीगुराँस भएर रातै फक्रेको हुन्छ
मलाई स्वदेशको मायाले आधा जीउ पारेको हुन्छ।

---

नयाँसडक, १६ मे १९८६

# पुनरागमन प्रकाशको

म क्षितिजतिर टोलाइरहेछु
अनन्त शून्यतिर अटुट नियालिरहेछु
युद्ध सहन नसकेर मैदानबाट भागेका मान्छेहरूबारे
यतिखेर म सोच्तैछु ।
यतिखेर बेल खस्दा तर्सेर भाग्ने खरायो सम्भिरहेछु,
जङ्गल सम्भिरहेछु, सृष्टि सम्भिरहेछु
अनि विनाश सम्भिरहेछु ।

यतिखेर म कर्तव्य सम्भिरहेछु, अधिकार सम्भिरहेछु
मार्गदर्शनहरू केलाईकेलाई हेर्दैछु
मान्छेको अधिकारभित्र प्रकाश छ
म प्रकाश सोचिरहेछु
तर, कति टाढासम्म फैलिएको छ उज्यालो ?
र यहाँ, यतिखेर कतै निभ्न त निभेनन् ?
म अधिकार सम्भिरहेछु
अनि कर्तव्य सम्भिरहेछु ।
अनि, कति मान्छेहरू अधिकार र कर्तव्यका कुरा
सहीसही सोचिरहेछन्, यो पनि सोचिरहेछु ।

आँखा पीरा, निस्तेज अनुहार
कलेटी परेका ओठ र छियाछिया पाइताला
तैपनि कति मान्छेले यात्रा बिसाएका छैनन्
ती सबको परिचय खोज्दैछु ।

यतिखेर पनि म क्षितिजतिरै टोलाइरहेछु
युद्ध सहन नसकेर भागेकाहरू
कर्तव्यबोधले फेरि फर्किरहेका सुनौला सपना
निकै चाख मानेर विश्वासका साथ आँखाले देखिरहेछु ।

थाहा छ मलाई
अन्तरविश्वास कहिल्यै पनि भूटा साबित हुँदैन
म यही सोचिरहेछु क्षितिजतिर नियालेर ।
कर्तव्यबोधले फर्किरहेका पाइलाहरूका पदचाप
निकै चाख मानेर विश्वासका साथ कानले पर्खिरहेछु ।

नयाँसडक, ६ अगस्ट १९८६

# तिमीले दिएर मैले नपाएकाबारे

केही सपनाका स्लाइडहरू
तिम्रो अघिल्तिर छरिदिएको थिएँ
यात्रा थाल्दा आँसुहरू आँखाका कापकापबाट चुहिँदै थिए
आशा राखेको थिएँ
तिमीले सम्हाल्नेछौ एकदुई मुठी ।

कसैको अगाडि नाङ्गिएर
अलिकति सहानुभूति, हेरचाह र मुस्कान खोज्नुलाई नै
मान्छेले सायद प्रेम भन्दछन् ।
म नाङ्गिएको थिएँ अनि प्रेमका लुगा माग्दै थिएँ
तिमीले मलाई 'इम्पेरर्स न्यु क्लथ' लगाइदियौ ।

अवर्णनीय सुन्दर र मुलायम
तिनै लुगाहरूमा म आजसम्म
सुन्दर देखिन्छु, आभिजात्य देखिन्छु
मान्छेहरू मेरो सुन्दरताको वर्णन गरेर
'इपिक' कथ्दैछन् ।

तर, उता तिम्रो विवाहपश्चात्
यता जन्मिएकी मेरी छोरीले
आज मलाई नराम्रो र डरलाग्दोसँग झसङ्ग पारेकी छे
भन्छे, "बाबा, तिम्रो आङ्मा किन कहिल्यै पनि लुगा छैन ?"

---

नयाँसडक, १३ अगस्ट १९८६

# विरोध

तिमी बारम्बार
हाँस भन्छौ मलाई
तर, यता म आफू हाँस्नुको कुनै महŒव देख्तिनँ ।
म आफू आफैंलाई पोलिरहेछु
आफ्नै नङ्ग्राहरू चिथोर्दैछन् आफ्नो छातीलाई
कति बीभत्स हुन्छन् हगि रगताम्य दृश्यहरू !
फेरि पनि तिमी हाँस भन्छौ मलाई
तर, यता म
आफू हाँस्नुमा कुनै औचित्य नै भेट्दिनँ ।

झुक्किएर एकछिनका लागि मात्रै म हाँस्दा पनि
हजार आँसुका थोपाले पिरोल्छन् मलाई ।
के म एउटै कुरा हरेकपल्ट दोहोऱ्याइरहूँ
के म प्रत्येकपल्ट यही भनिरहूँ –
हाँसोले मलाई रोक्छ चाल्न नयाँ कदम
पीरले धाप मार्छ चाल्न नयाँ कदम ।

एकैछिन सुस्ताउन जब हुँदैन न्यानो मायालु काख
थाकेर सुस्ताउँदा जब सुम्सुम्याउँदैन कसैले
मै त हुन्छु, अरू को हुन्छ ?
मै त हुन्छु, जुर्मुराउँदै उठ्छु र म्वाइँ खान्छु
आफ्नै अनुहार ऐनामा ।

कति सजिलो हुन्छ आफूले आफैंलाई माया गर्नु
कति गाह्रो हुन्छ अरू कसैको मन जितेर
मलाई माया गर, मलाई माया गर भन्नु ।
फेरि पनि तिमी हाँस भन्छौ मलाई
तर, यता म आफू हाँस्नुमा कुनै आनन्द पाउँदिन ।

कि म बहुलाइरहूँ ?
टल्केको बालुवालाई पानी सम्झिँदै दौडिरहूँ ?
रोइरहूँ नराम्रोसँग र बटुको थापिरहूँ सहानुभूतिको ?
जसोतसो कि नभेटूँ टुक्राटुक्रा लक्ष्यहरूलाई
र बसिरहूँ हात बाँधेर एकान्त मैदान, पहाड र हिमालहरूमा ?

अहँ, म त घिस्रिँदैघिस्रिँदै
लामोलामो सास फेरेर अघि बढिरहन्छु
बढ्न देऊ मैदानमा
धूलैफुस्रै, रगतपच्छे लडिरहन्छु, लड्न देऊ रणक्षेत्रमा
म आफू हाँस्नुमा कुनै महŒव देख्दिनँ
म आफू हाँस्नुमा कुनै औचित्य भेट्दिनँ
आफू हाँस्नुमा म कुनै आनन्द नै पाउँदिनँ

...फेरि पनि तिमी हाँस भन्छौ मलाई ।

नयाँसडक, ३० नोभेम्बर १९८६

# अग्निपथ

यो एउटा गोरेटो साँगुरो
धेरै पर पुगेपछि दोबाटाहरू भेटिनेछन्
अनि अझै पर, धेरै पर पुगेपछि मात्रै राजमार्ग भेटिनेछ
त्यहाँ पुग्नेहरूले खबर लिएर आएका
बाटो कति लामो छ भनेर ।
त्यो बाटो लड्खडाउने पाइलाहरूका निम्ति होइन
आगो र आँधीसँग डराउनेहरू यो बाटो हिँड्दैनन्
हिम्मत र लडाइँको बाटो हो यो
पाइलैपिच्छे यस बाटामा विचारको युद्ध भइरहन्छ विचारसँग
र तर्कको तर्कसँग
बूढो रूख त ढल्नु नै छ
या नदी सागरसँग मिल्नेछ ।

हिँड्दाहिँड्दै यस बाटामा तर्साउने कुरा पर्याप्त छन्
उल्टो दिशाबाट बहुलाजस्तै चिच्च्याउँदै मानिसहरू आउनेछन्
रोकेर सोधे तिनलाई
तिनले भन्नेछन् बाटो डरलाग्दो छ ।
तिमीलाई पनि डर लाग्न सक्नेछ
फर्किन पनि सक्छौ तिमी बीचैबाट
रगतमा लतपत कोही मर्नै आँटेका हुनेछन्
र कति त मरिसकेका हुनेछन्
कहाली लाग्न सक्छ तिमीलाई पनि पराजयको
त्यसबाहेक पूर्वाग्रहको तमाखु पिउँदै बसेका
छद्मभेषी भिखारीहरू तिमीलाई नै रुँगेर बसेका हुनेछन्
कुनै हतियार हुनेछैन तिमीसँग युद्ध गर्न
कुनै अस्त्र हुनेछैन तिमीसँग युद्ध जित्न
न सुस्ताउन गुलाफको फूलको सिरानी
न हरिया मैदान र नीला आकाश
केहीकेही हुनेछैनन्
आगो र आँधीबाहेक ।

हिम्मतको हतियारमा खिया पर्नु हुन्न
दृढ आकाङ्क्षाको ढाल प्वाल पर्नु हुन्न
मैदान जित्नु छ भने निहुरिनु हुन्न
पसल थापेर स्वाभिमानको व्यापार गर्नु हुन्न
हिम्मत र लडाइँको बाटो यो हो
पाइलैपिच्छे यस बाटामा विचारको युद्ध भइरहन्छ विचारसँग
अनि तर्कको तर्कसँग ।
त्यहाँ पुग्ने अर्काथरीले खबर लिएर आएका
बूढो रूख त ढल्ने नै छ
या नदी सागरसँग मिल्नेछ ।

नयाँसडक, १० डिसेम्बर १९८६

# अपराजित

हारपछि हात बाँधिनु मात्रै हुँदैन
उदास रहेर अडेस लाग्नु मात्रै हुँदैन
प्रत्येक हार नै जितको अर्को नाम हो
पराजित नै आखिरमा अपराजित हुन्छ ।

सूर्योदय हुनु छ र अँध्यारो मेटिनु छ
अँध्यारो त आफैँ फुट्ने खेलौनाझैँ हो
र सूर्यास्त, सूर्योदय हुने केवल बहाना हो ।

हात बाँधिनु मात्रै हुँदैन, अडेस लाग्नु मात्रै हुँदैन
माग्नु हुँदैन पानी, नत्र प्यासको बानी बस्छ
तिर्खाउन मन लागिरहन्छ, हमेसा पानी तर्कना खेल्छ ।

आगोले पोल्छ, फोका उठ्छ पाइतालाभरि
आगोमै ती फोकालाई फोड्दै
तिनै फोकाभित्रका पानीले निभाउँदै जानुपर्छ आगो
र तयार बस्नुपर्छ फेरि नयाँ तीखा काँडा टेक्न
रगताम्य पारेर काँडाहरूलाई
विवश पार्नुपर्छ प्रकृतिलाई त्यही काँडामा गुलाफ उमार्न ।

माग्नु हुँदैन पानी, नत्र प्यासको बानी बस्छ
तिर्खाउन मन लागिरहन्छ, हमेसा पानी तर्कना खेल्छ
हात बाँधिनु मात्रै हुँदैन, अडेस लाग्नु मात्रै हुँदैन
सूर्यास्त, सूर्योदय हुने एउटा बहाना मात्रै हो
पराजित नै आखिरमा अपराजित हुन्छ ।

नयाँसडक, १२ डिसेम्बर १९८६

# प्रमाण

युद्ध जित्नकै लागि
यदि हतियार उठाएको भए तिमीले
जाऊ एकपल्ट
योद्धाहरूको चिहानमा
र सुन रातको सुनसानमा
त्यहाँ गुन्जिएको मौनता ।

कुन मान्छेले कोसँग जितेर
कति सीमा र समयसम्म
आफ्नो जितको झन्डा फहराएको छ ?
मान्छेले जितेँ भनेर
कतिसम्म चिच्च्याउन सक्छ र !
जितको झन्डा लिएर
कुन युद्धपुरुष अहिलेसम्म जिउँदै छ ?

मान्छे केवल आफ्नो जितको उन्मादमा
मात्तिएर मुर्दा भएको
तिमीले हामी हिँड्दै गरेको
यही धूलोमा देख्न सकेनौ भने
कुनै अर्को धूलो छैन मसँग
प्रमाणका लागि ।
कुनै नयाँ चिहान छैन मसँग
सबुदका लागि ।

नयाँसडक, २८ जनवरी १९८७

# स्वभाव

कुनै दिन म पनि कैदमा
एउटा आँखीझ्यालबाट
एक टुक्रा उज्यालो
घामसँग सुटुक्क चोरेर लिने गर्दथेँ ।

तर, आज त म निकै नजिक छु उज्यालोसँग
उज्यालोले मलाई नै छोएर हिँडिरहेछ
निथ्रुक्क नुहाएको छु म प्रकाशले
स्वाभाविकै हो मलाई काउकुती लाग्छ
कहिले उफ्रिन मन लाग्छ
कहिले खुसीले कराउन मन लाग्छ
थाहा छ मलाई
र भन्छन् मान्छेहरू
'मात्तिनु हुन्न सुखमा र आत्तिनु हुन्न दुःखमा'
तर, मान्छेकै प्रकृतिसँग लाचार छु म

आदर्शका तलाउमा नपौडीकन
साँच्चै भन्ने हो भने
आज, म निकै चन्चल छु ।

सिनामङ्गल, २६ मार्च १९८७

## आवाजको पीडा

यतिखेर ओठ सिइएको छ मेरो
टम्म पारेर छिद्रविहीन
चर्कदो छ छातीको घाउ र रसाइरहेछ रगत
ओठको कापबाट
गुनासो यति मात्र कि छातीको घाउचाहिँ यथावत् रह्यो
गुनासो यति मात्र कि अब पीडाको आवाज निलम्बित भयो ।

आवश्यकताहरू कहिलेकाहीँ गाँसभित्र मात्रै कैद हुन सक्तैनन्
आवश्यकताहरू सधैँ बासकै मात्र हुँदैनन्
आवश्यकताहरू कपासको मात्रै नहुन पनि सक्छन्
सजायले स्वाभिमान निल्न सक्तैन
र सयचोटि मर्नका खातिर
मान्छे कहिल्यै एकपटकका निम्ति बिउँभ्न हुँदैन ।

आवश्यकता मलाई त, विचार, क्रियाशीलता र बोलीको छ
मलाई बोली फिर्ता देऊ
मेरो छाती दुख्दैछ पीडाले ।
यो पीडा र दुःख
बोली र विचार अभिव्यक्त गर्न नसक्नुको हो
ए, मेरो आवाजका कारण मलाई लखेट्नेहरू !
मेरो छातीको पीडा तिमीहरूले बुझ्न सक्ने छैनौ ।

मलाई घाउबारे बोल्नु छ
मलाई दुखाइबारे बोल्नु छ
तर, छातीको घाउ नबोल्न
पीडा झेलिरहन र देखाउन नसक्न
यतिखेर ओठ सिइएको छ मेरो टम्म मिलाएर ।

तर, अहिले मेरो आवश्यकता नै बोली हो
यतिखेर मलाई मेरो आवाज फिर्ता चाहिएको छ
मलाई अभिव्यक्तिका लागि पर्याप्त वाणी चाहिएको छ ।

नयाँसडक, १४ अप्रिल १९८७

## उपायको खोजीमा

निरुपाय
सूर्यझैं, जसको अरू उपाय छैन
मानिसका लागि बिहान बिउँझिदिनु र सुतिदिनु रातमा
बिलकुल सूर्यजस्तै म पनि बिउँभदै, सुत्दै
उदाउँदै, अस्ताउँदै
एउटा नियममा बाँधिएको छु
अनि उद्देश्य ढाँटेर बाँच्नु
साह्रै कष्टदायक छ मलाई ।
त्यसैले विरोध बोलिरहेछु, नयाँको खोजीमा ।

केही अवश्यै हराएको छ
चोट निरन्तर परिरहेछ
घाउ हराएको छ सायद
आर्तनादलाई मेरो
कहिले समाजले, कहिले जुलुसले
कहिले सामयिक घटनाले
विवेचना गर्न नसकेर
अल्मल्याइदिएको छ ।

यस्तो अवस्थामा जो कोही पनि
निरुपाय छट्पटिन सक्छ, कहालिन सक्छ
तर, मथ्न पनि सक्छ
आफ्नो शेष ऊर्जालाई मस्तिष्कभरि ।
आज त्यही सम्झेर
म मथिरहेछु मस्तिष्क
यातना बिर्सेर, पीडा बिर्सेर
टुङ्गोको तस्बिर हातमा च्यापेर
एउटा परिवर्तित मार्ग रोजेर
अनुहारभरि इन्द्रेनी बुनेर, उनेर, पोतेर ।

नयाँसडक, ७ मे १९८७

# स्थितिचित्र

प्रचण्ड गर्मी, तातो ! तातो ! तातो !
मान्छेहरू बोसोदेखि गिदीसम्म पग्लिँदै गइरहेछन्
तरल ! तरल ! तरल !
शहर बाफिएको छ
उसिँनिदैछन् घरहरू
छटपट ! छटपट ! शहर छटपट !
मान्छेहरू अब आश निभाएर त्यसको खरानी तापिरहेछन्
जिन्दगी बोझिल, उराठ, लखतरान हिँडिरहेछ
लखक ! लखक ! लखक !

साँच्चै भनेको, म देखिरहेछु
मान्छेहरू माया मारेर कुन्नि के बाँचिरहेछन्।

हिजो बेसकन पानी पर्‍यो
शहर स्तम्भित, मान्छे स्तम्भित
एकछिन अचम्म मानेर सबै मान्छेहरू हर्षित भए
र मान्छेहरूले अब सम्झनाको खरानी
वर्षाको पानीसँगै बगाइदिए
उनीहरूसँग गर्नुपर्ने आश पनि छैन
सम्झिनुपर्ने कुरा पनि छैन
माया मार्ने कि गर्ने बिर्सिए मान्छेहरूले
उनीहरूसँग मार्नुपर्ने कारण पनि छैन
माया गर्नुपर्ने उद्देश्य पनि छैन।

मान्छे आफ्नै स्वभावको बन्दी हो
ऊ आफूलाई जति स्वतन्त्र ठान्दछ
र आफ्नै निर्णयमा चल्ने ठान्दछ
त्यहीँनेर ऊ आफ्नै स्वभावको बन्धनमा पर्दछ।

सुखमा उन्मत्त बन्छ
दुःखमा अत्तालिँदै लत्ता छाड्न खोज्छ
र, विगतका दुःखद अनुभूतिहरू
कहिलेकाहीँ मात्रै छ्वास्स सम्झिन
हृदयको बगलीमा राख्तछ।

किन खोजीमा छैन मानिस नयाँ मार्गको ?
प्रत्येक कुरामा मुक्तिको ?

नयाँसडक, ७ डिसेम्बर १९८७

## शैशव

एउटा गुथुमुने बालक थिएँ म
मायाले उचाल्ने र म्वाइँ खाने थुप्रै थिए
इच्छाको अँगालो र म्वाइँमै मेरो शैशव कठै सकियो ।
थुप्रै इच्छाका नौघोडे रथको सारथी म एक्लै थिएँ ।
तर, मेरी आमा र मेरा बाबाको इच्छायुद्धमा
आज म न आमाको इच्छाजस्तै छु
न बाबाको चाहनाजस्तै छु
यहाँसम्म कि म मेरो सपनाजस्तो पनि छैन ।

बालकहरू देख्नेबित्तिकै
त्यसैले, म सोचमग्न हुन्छु ।
आँखा रसाएर आउँछ
फेरि एउटा इच्छाको मृत्युलाई महसुस गरेर,
अनि यही कारणले गर्दा नै
म बालकहरूलाई कुनै इच्छाको आँखाले हेर्दिनँ
उनीहरूलाई आफ्नो इच्छाको बदला कहिल्यै बन्धक राख्दिनँ ।

एउटा गुथुमुने बालक थिएँ म
मायाले उचाल्ने र म्वाइँ खाने थुप्रै थिए
इच्छाको अँगालो र म्वाइँमै मेरो शैशव कठै रित्तियो ।

---

नयाँसडक, ६ सेप्टेम्बर १९८७

# मेरो गीत

विधाताले दिएको भिक्षा भाग्य
मलाई कहिल्यै मन्जुर भएन
मेरो आफ्नो कर्म, मेरो भाग्य निर्माण
तिमीलाई कहिल्यै स्वीकार भएन ।

मलाई तातोसँग खेल्न मन पर्छ
त्यसैले सधैँ सूर्यको गोला चिथोर्छु
मलाई तिर्खासँग खेल्न मन पर्छ
त्यसैले सधैँ पानीको मुहान थुन्छु
मेरा उत्कण्ठा, मेरा चाहना
तिमीलाई कहिले स्वीकार भएन ।

जिन्दगीको यात्रा, न आरम्भ न अन्त
त्यही शून्यमा बेग्लै एउटा आयाम
म खोजिरहेछु, निरन्तर खोजिरहेछु
भनेँ नि, म नयाँ बाटो पहिल्याउन खोज्दछु
मेरो जिजीविषा र मेरा बैंसका गीत
तिमीलाई कहिल्यै स्वीकार भएन
विधाताले दिएको भिक्षा भाग्य
मलाई कहिल्यै मन्जुर भएन ।

नयाँसडक, २५ सेप्टेम्बर १९८७

## बडो अमूर्त कथा छ यो

(बडो अमूर्त कथा छ यो)
जन्म जसरी एउटा सन्जोग
मृत्यु पनि एउटा सन्जोग
सन्जोगकै जिन्दगी जिउनुपर्ने बाध्यतामा
हरेक मानव पिल्सिएर रोगी भए तापनि
स्वस्थ भएको अभिनय गरिरहेछ
(बडो अमूर्त कथा छ यो) ।

जुन दिन मान्छेले सन्जोगसँग विजय प्राप्त गर्नेछ
त्यही दिन विनाश सुरु हुनेछ
र सृष्टिले विश्राम लिनेछ
(बडो अमूर्त कथा छ यो) ।

सन्जोग कसैलाई साह्रै सुखदायी हुन्छ
सन्जोग कसैलाई साह्रै दुःखदायी हुन्छ
त्यही सन्जोग तिमी भोगिरहेछौ
त्यही सन्जोग म भोगिरहेछु
त्यही सन्जोग हामी भोगिरहेछौँ
(बडो अमूर्त कथा छ यो) ।

नयाँसडक, २९ सेप्टेम्बर १९८७

# धरती र म

यही धरती हुँ म
जसरी यस धरतीलाई मान्छेको कुनै स्वार्थले
टुक्र्याएर अन्तरिक्षमा फ्यालिदिन सक्तैन,
त्यसैगरी मलाई पनि
तिम्रा कुनै पनि दबाब, घृणा र तिरस्कारजस्ता हतियारले
पछार्न सक्तैन ।

म आदिम युगदेखि नै आगोको रूपमा छु
म आदिम युगदेखि नै पानीको रूपमा छु,
म पञ्चतŒव हुँ, म प्रकृति हुँ, म शाश्वत सत्य हुँ ।
मलाई कुनै लोभले उत्तेजित गराउन्न
मलाई कुनै तिरस्कारले विक्षिप्त पार्दैन
म गति हुँ, अगाडि बढिरहन्छु
म ऊर्जा हुँ, शक्ति बनिरहन्छु
मेरो आकार छैन, म हरेक छिद्रमा अटाउँछु
म पृथ्वीभित्रै अटाउँछु
मेरो अनुहार छैन, म हरछेउ हरपुछारका
हर अनुहारमा प्रस्फुरित छु ।

सबले मलाई त्यही धरती माने हुन्छ
जसरी त्यस धरतीलाई मान्छेको कुनै स्वार्थले
टुक्र्याएर अन्तरिक्षमा फ्यालिदिन सक्दैन
त्यसैगरी मलाई पनि
तिम्रा कुनै दबाब, घृणा र तिरस्कारजस्ता हतियारले
पछार्न सक्तैन ।

नयाँसडक, २९ जुलाई १९८८

## मान्छे किन यात्रामा छ ?

केही रहर, केही महŒवाकाङ्क्षा
थोरै सफलताका मुस्कान
अनि धेरै शूल छातीभरि बोकेर
म जिन्दगीको कठोर र रापिलो मरुभूमिमा
हिँडिरहेछु ।

कतिपल्ट सुनसान बाटो हिँड्दा
म डरले पल्याकपुलुक काम्दै हिँडेको सम्झना छ,
कतिपल्ट कहिल्यै नआइपुग्दा बिसौनी
डाँको छाडेर हुरुक्क रोएको याद छ ।
कस्ता बाधा हुँदा रहेछन् थाहा पाएको छु
कत्रो धैर्य टुट्दो रहेछ चाल पाएको छु,
यात्रा तय गर्दा कहिले घामले पोल्दो रहेछ
कहिले बर्सातले रुझाउँदो रहेछ
कहिले जाडोले कमाउँदो रहेछ
कतिले पछाडिबाट अङ्कुसे लगाउँदा रहेछन्
कतिले अगाडि नै जाल हाल्दा रहेछन्
छहारी दिने र माया गर्नेहरू परै बसेर हेर्ने गर्दा रहेछन्
म्वाइँ खाने र सहारा खोज्नेहरू दोधारमा पर्दा रहेछन्
सोच्दा रहेछन् र आपसमा सोध्दा रहेछन्
“यो मान्छे किन यात्रामा छ ?”

म पनि बिलकुल त्यही सोच्ने गर्छु
मान्छे किन यात्रामा हुन्छ ?
र म पनि केलाइरहेछु
मान्छे र यात्राबीच साइनो के छ ?

पुल्चोक, १ अक्टोबर १९८८

## जिन्दगी – प्रत्यक्ष र अप्रत्यक्षमा

जिन्दगीको बोझ उठाइरहेछु
निफनिरहेछु, केलाइरहेछु
यस क्रममा म जिउनुको परिभाषा खोजिरहेछु ।
जिन्दगीबारे मान्छेका विचार
यतिखेर बिस्कुनसरि मेराअघि छरिएका छन्
जिउनुबारे मान्छेका परिभाषा
यतिखेर मेराअघि ओहोरदोहोर गरिरहेछन् ।
हरविचार सत्यजस्ता छन्
हरपरिभाषा चित्तबुझ्दा छन् ।
म एउटा मान्छेको, अर्को मान्छेको, प्रत्येक मान्छेको
विचार छामी हेर्छु
म हरेक मान्छेको जिउने परिभाषा पढ्छु
तर, विचारको भुसिलकीरा मेरो शरीरभरि काँडा उमार्दै
घिनलाग्दोसँग हिँडिदिन्छ
परिभाषाको गँड्यौला मेरो मस्तिष्कभरि पीडा गोड्दै
रगतपच्छ्य पारेर सल्बलाइदिन्छ
कुनै एउटा विचार वा कुनै परिभाषामा
आफूलाई केन्द्रित गर्ने चाह
अनि त्यसै हराउँदै जान्छ, बिलाउँदै जान्छ ।
क्रम तर टुट्तैन, सायद टुट्नु नै जोडिनु भएर हो कि ?
खोजी तर छुट्दैन, सायद छुट्नु नै भेट्नु भएर हो कि ?
र यस क्रममा म अझै जिउनुकै परिभाषा खोजिरहेछु ।
एकातिर स्वाभिमान छ, अर्कोतिर पराभिमान छ
एकातिर मोहभङ्ग छ, अर्कोतिर जिजीविषा छ
एकातिर तृप्ति छ, अर्कोतिर तृष्णा छ
आशा-निराशा, सुख-दुःख, अँध्यारो-उज्यालो
मिश्रित छ, सम्मिश्रित छ, हरचीज गुजमुज्ज
र प्रत्येक व्यक्ति आफैँमा रमाएको छ, आफ्नै कर्तुतमा ।
आह ! कति सङ्कुचित छ सोचाइ, कति साँगुरो छ भोगाइ
कति लामो छ मृत्यु र कति छोटो छ जीवन ।
सायद खोज्नु नै हराउनु हो, भेट्नु नै छुट्नु हो
र सायद संसारका प्रत्येक हूलमा मान्छेहरू
केही खोजिरहेछन्
केही पाइरहेछन्
र सोच्तछु, म के खोजिरहेछु ? किन खोजिरहेछु ?
सायद जिन्दगीको परिभाषा खोजिरहेछु
सायद खोजिरहेको छैन ।

पुल्चोक, २० मे १९८९

# अभिशाप

सूर्य त्यही हो र चन्द्र पनि त्यही हो
सूर्य मलाई गरम लाग्छ र चन्द्र शीतल
र मलाई थाहा छ, तिम्रो र मेरो अनुभूति एउटै हो
र यो पनि थाहा छ
या त म पागल हुँ या त तिमी पागल ।
म कहिलेकाहीँ त्यही सूर्यको निम्ति झगडा गरिरहन्छु
र तिमी चन्द्रको निम्ति मसँग रिसाइरहन्छौ
या त म गलत छु कि त तिमी गलत छौ ।

जबसम्म दृष्टिलाई मोह, स्वार्थ र अहंका पर्दाहरूले
झयाप्प छोपिरहन्छन्
जबसम्म ईर्ष्या, उग्र महŒवाकाङ्क्षाका जालाहरूले
झयाम्म जेलिरहन्छन्
सायद दुईमध्ये एक पक्ष र अर्को विपक्ष हुनुपर्ने हो कि ?
सायद एक उत्तर अर्को दक्षिण ध्रुव हुनुपर्ने हो कि ?
खोइ कहाँ ओइलाए ती आपसी मायाका फूलहरू ?
खोइ यहाँ सद्भावनाका मूलहरू ?
खोइ यहाँ प्रेमको करेसा ? खोइ यहाँ जिन्दगीको ड्याङ्ग ?

के एकअर्काबीच प्रतिस्पर्धामै
भुल्यौँ त हामीले गर्नुपर्ने कुराहरू ?
के एकअर्काबीच खनिएका द्वेषको धरापमै
गुमायौँ त हामीले जिन्दगीको एक सुनौलो पाटो ?

घट्टेकुलो, ३० नोभेम्बर १९९०

# नियति

कुनै एउटा त्यस्तो बखत थियो
जब ब्रह्माण्ड के थियो थाहा छैन
फेरि त्यस्तो बेला आयो जब ब्रह्माण्ड भयो
तत्पश्चात् के के भयो सबैलाई थाहा छ
र कोही अनभिज्ञ छैनन् ब्रह्माण्डको इतिहाससँग ।

ब्रह्माण्डमा पृथ्वी, चन्द्र र सूर्यसँगै
धेरै अरू ग्रह पनि बने
माछा, हात्ती, चरा अनि मान्छे पैदा भए
र, मानिसको अनादिदेखि अनन्तको यात्रा पनि सुरु भयो
यहाँ समयानुसार लिङ्कन, मार्क्स, हिटलर
लेनिन, बुद्ध, एरिस्टोटल सबैसबै जन्मे
अहिले म, तिमी र हामी पनि जन्मेका छौँ
र हामी हाम्रो कर्मप्रति उदासीन
स्वार्थ, मोह र प्रतिस्पर्धामै
आफ्ना पसिना र रगतका प्रत्येक थोपा
निथारेर खर्च गर्न लालायित छौँ ।

ऐइया, कस्तो दुख्ने जिन्दगी !

घट्टेकुलो, २८ जनवरी १९९१

# अप्रत्याशित

सपनाहरू
कति कुहिएका पनि छन् सायद
तैपनि म बोकिरहेछु काँधमा
छातीमा प्रीत छ
मैले चाहेको मेरो संसार
मेरै आँगनमा म खोज्दै बसेको पनि छु
म यात्रामा थाकेर सुस्ताएको पनि होइन
तर, म भड्की पनि रहेको छु कताकता
लक्ष्यको परेवा समाते पनि
कहिले समात्दैछु, कहिले फुत्किँदैछ ।
नभेटेका कुरा त छँदैछ
कति भेटेका वस्तु पनि नभेटेका जस्ता देखिन्छन्
त्यतिखेर किन चिच्च्याउन मन नलागोस् त मलाई ?
किन आँधीझैं वेग नमारूँ ?
अनि किन आगोझैं हुरहुरिँदै नबलूँ त म ?

तर, एक्कासि सेलाएँ भने म ?
हँ, अचानक म मरेँ भने, भरे राति नै ?
कहाँ बात मार्छन् होलान्
यी मभित्रका मेरा अन्तर्द्वन्द्व
आर्तनाद अनि अनुभवहरू ?

साँच्चै, म मरेँ भने, के हुन्छ होला, भरे राति नै ?

घट्टेकुलो, २८ मार्च १९९१

# स्थिति

म हाँस्न सक्छु, म रुन सक्छु
घृणा गर्न सक्छु
माया पनि गर्न सक्छु
जीवनको गीत
गाउन सक्छु, नगाउन पनि सक्छु ।

साथीहरू भेट्न सक्छु
बैरीहरू भेट्न सक्छु
भेटेको चीज नभेट्न सक्छु
नभेटेको चीज खोज्न सक्छु
खुसी हुन सक्छु, रिसाउन पनि सक्छु
चाहेँ भने बाँड्न सक्छु
फेरि केही खोस्न पनि सक्छु
म सूर्य निल्न सक्छु
म जून झार्न सक्छु
तर, म कमजोर पनि छु
दम्भले म मात्तिन सक्छु
हीनताबोधले आत्तिन सक्छु
म के हुँ सोच्न सक्छु
आफैँलाई बिर्सिन पनि सक्छु
स्वतन्त्र हुन सक्छु
तर, पराधीन पनि हुन सक्छु
शक्ति यति प्रशस्त छ मसँग, थाहा पाउन सक्छु
शक्ति यति प्रशस्त छ मसँग, चाल नपाउन सक्छु

तर, कतै पनि ढल्किँदा
पहिरो जान सक्ने सम्भावनाचाहिँ
किन यथावत् रहिरहेछ ?
कुनै एउटा सिरान समात्दा
अर्को पुछार छुट्ने श्रापचाहिँ
किन यथावत्, शाश्वत रहिरहेछ ?
यही सोचिरहेछु,

...नसोचिरहेको पनि हुन सक्छु ।

घट्टेकुलो, ९ अप्रिल १९९१

# मानिसहरू

मानिसहरू
आआफ्नो जीवनको चुलोमा
आआफ्नै आग्रह, अनुभव र अनुभूतिका
दाउराहरू विचारले सल्काएर
मृत्युको जाउलो पकाइरहेछन्
र खाइरहेछन्
अनि आफ्नै मृत्यु मरिरहेछन्।

२५ अप्रिल १९९१, घट्टेकुलो

# दुर्घटना

सडकको बीचमा
एउटा दुर्घटना भएको छ ।
केही छिनअघि नानाथरीका
झन्झटले जेलिएको त्यो मान्छे
अब बन्धनमुक्त भएको छ,
सडकको बीचमा एउटा दुर्घटना भएको छ ।

यता, जिन्दगीमा कति यस्ता कान र आँखा छन्
जो केही सुन्दैनन्, जो केही देख्दैनन्
कति यस्ता मुटु र मगज छन् जो केही अनुभूत गर्दैनन्
यिनीहरूमध्ये कति त मान्छेसरह बाँचिरहेकै छन्,
र हामीहरू पनि यिनीहरूमध्येबाट नै बाँच्तछौं ।

वास्तवमा हामीहरू पनि दुर्घटनामै परेका हौं
म त भन्छु विशाल दुर्घटनाका सिकार हौं हामीहरू
त्यो सडकबीचको दुर्घटना त एउटा मिथ्या हो ।
र यो जिन्दगीको, अहिले हरेक मान्छेले भोगिरहेको दुर्घटना
शाश्वत हो
उफ ! यो कस्तो दुर्घटना ?
यो कस्तो जिन्दगी ?
यो कस्तो शाश्वत ?
यो कस्तो मिथ्या ?

सडकबीच एउटा दुर्घटना भएको छ
र पछारिएका हामी छौं
धूलोमा मुछिएर सडकमा रगतपछ्य ।

घट्टेकुलो, १४ जुलाई १९९१

# जिन्दगी र जिन्दगी

म पहिले कल्पना गर्थें
अहिले धुम्धुम्ती सोचिरहन्छु
आँखामा सप्तरङ्गी तस्बिर नाच्दानाच्दै
अब सायद आँखामा एउटा फुलो परेछ, सप्तरङ्गी फुलो ।
जीवनमा आएका वसन्त, शिशिर
वर्षा र हिउँदले मलाई
निरन्तर चोट र प्रहार मात्रै दिएको रहेछ ।
म कुप्रो परेर
बाँकी जीवनका बिस्कुनहरू
समयको लठ्ठीले यताउति पल्टाउँदै जान्छु ।
मौसम प्रतिकूल, ओस लागेको छ
चारैतिरको दुर्गन्धले
फोक्सो सास लिन नसक्ने भएको छ ।
आँखा उठाएर हेर्छु
रगत र मासुका चिथ्ला ढुसी परेर गन्हाएको
चिसो पसलभित्र
पकपकी माटो उप्किने गारोमा खिया लागेको कीला ठोकेर
नाइलनको डोरीमा बगरेले सुकाएको बोसोका पत्रहरूझैं
जिन्दगी सुक्दै जाँदैछ ।

यहाँ केको सार छ ? निस्सार के हो ?
म घोत्लिरहन्छु, तर जवाफ छैन
हुन सक्छ यसको उत्तर पहिले नै भनिसकियो
र हामीले सुनिसक्यौँ
सके सुनेर पनि याद गरेनौँ ।

---

८ अगस्ट १९९२, घट्टेकुलो

## सामञ्जस्य

तोते बोल्थेँ, दौडिँदै केराघारीलाई अँगाल्थेँ
भोगटेका रूख चढ्थेँ, खस्थेँ
र सूर्योदय हुनेबित्तिकै बाबा र आमाको वात्सल्यबाट
फुस्किएर आँगनमा झर्थेँ
घर फर्किँदै गरेका चराचुरुङ्गीका बथान
धानखेतमा बसेर हेर्दाहेर्दै सूर्य अस्त हुन्थ्यो ।
दौँतरीहरू हुन्थे, तिलौरी हुन्थ्यो
दसैँमा टीका अनि फेरि चौसी र झिरझिरे हुन्थ्यो
त्यो शैशव थियो ।

कुनै मोह थिएन, उमङ्गबाहेक
कुनै त्रास थिएन, परम्पराको बाहेक
हो, मोह थियो र त्रास पनि थियो
शैशव थियो त्यो ।

आज म हुर्किएको छु
मोह र त्रास पनि हुर्किएको छ
नयाँ रूप छ र त्यसको रङ्ग फैलिएको छ ।
अब म आरुबारीमा आरु चोर्न जान सक्तिनँ
अब म स्कुल जान र त्यहाँबाट बीचमै कक्षा छाडेर भाग्न सक्तिनँ
तर, खुसीहरू चोर्न सक्छु
आफ्नो महŒवाकाङ्क्षाको धनुषले
कसैको बलि दिन सक्छु
औँलाहरूको डरले म आफैँबाट
भाग्न सक्छु
म कर्तव्यबाट भाग्न सक्छु, म बाटो बिराउन सक्छु
हो, पक्का हो !
मोह पनि हुर्किएको छ
त्रास पनि हुर्किएको छ
केही बदलिएको छैन
केवल दृष्टि बदलिएको छ
परिभाषाहरू बदलिएका छन्
केवल यत्ति हो कि
कट्टु लगाएर सिँगान पुछ्दै
नाङ्गा खुट्टा, धुस्रैफुस्रै
कसैले देख्छ कि भनेर पल्याकपुलुक हेर्दै
अब म आरुबारीमा आरु चोर्न जान सक्तिनँ ।

घट्टेकुलो, २ नोभेम्बर १९९२

# युद्धपछि

मैले थाहा पाइसकेँ
अब मानिसहरूले मनको आवाज सुन्न सक्दैनन्
अब कसैको दुःखमा कोही रुनेछैन ।
र म,
संवेदना बेचेर खाएको कङ्गाल शहरमा
घण्टाघर र धरहराको घाउ हेरेर
रानीपोखरीमा रुँदैछु ।
मैले थाहा पाइसकेँ
अब मेरो धरती
छिनछिनमा बल्भिने दीर्घरोगले नै मर्नेछ,
कुनै वीर्यवान शक्तिपुरुष आएन
उसको बाँझोपन फुटाउन ।
अब थाक लाग्दै जानेछ
चाउरी परेका बैँस
अनि बन्नेछ एउटा फुसफुसे चट्टान
र, हाम्रो इतिहास दबिनेछ
त्यही चट्टानको धूलोमा कुनै दिन ।
मैले थाहा पाइसकेँ
अब जीवन, जीवनजस्तो हुनेछैन,
नक्कली फूल र इसारामा
मानिसहरूले संवेदनाको भाषा बिर्सनेछन् ।
आउ, आज हाम्रो पौरुषको मृत्युमा
काट्टो खाने तयारी गरौँ ।
त्यो घाम अब हाम्रो पोल्टाबाट फुत्किसक्यो,
जूनले अब हाम्रो अँध्यारो मभेरीमा उज्यालो ल्याउने छैन ।

तिमीहरू सबले थाहा पायौ ?
अब हामी मनको आवाज सुन्न सक्तैनौँ ।

घट्टेकुलो

## नाङ्गो शहर

आज म यस शहरमा
नाङ्गै उपस्थित भएको छु
तर अचम्म ! मलाई हेरेर कसैले आँखा छोपेन
पटक्कै लाज लागेन यहाँका मान्छेहरूलाई ।
कचल्टिएको भातजस्तै
आधाकाँचा मानिसहरूको बस्तीमा
मेरो नाङ्गोपन कुनै रमिता बनेन ।

यिनीहरू अचेल कागजको फूलमा बास्ना हाल्छन्
यिनीहरू अचेल रोबोटको शरीरमा धुकधुकी भेट्छन्
मानिसमानिसबीच संवेदनशीलता र सहृदयता
मानिसमानिसबीच सद्भावना र म्वाई अब चाहिएन
अब चाहिएन प्रेम, आत्मीयता र मृदु कुराहरू पनि
र विकृत भइसके मानवीय मूल्यहरू...
यस्तो अवस्थामा, यस शहरमा, यहाँका मानिसहरूबीच
नाङ्गो हुनुबाहेक अर्को बाटो पनि त छैन ।

यस शहरमा आज म नाङ्गै उपस्थित भएको छु
र भोलि शहर, गाउँ र बस्तीका
तमाम नागरिक नाङ्गै देखिइनेछन्
निर्वस्त्र हुनेछन् शरम नभएको शहरमा ।

घट्टेकुलो, १० जनवरी १९९५

# लास

बाटोको मोडमा
एउटा लास लगिँदैछ,
लास अर्थात् चिरनिद्रामा परेको एउटा मानिस ।
देख्नेबित्तिकै आफ्नो काल याद आएन
याद अर्थोक नै आयो, र विचलित भएँ म ।
त्यस शवको सपना याद आयो
मुर्दाले मर्नुअघि भोगेको यथार्थ याद आयो
त्योसँगसँगै कति सपना मरे
तर जीवनका कैयन् यथार्थ
त्योसँगसँगै झन् गाँठो पर्दै गएको कुरा याद आयो ।
के त्यो दुःखी थियो ?
र के कारणले दुःखी थियो ?
हुन सक्छ उसको दुःख नितान्त निजी थियो
वा त्यो सामूहिक दुःख थियो
र हुन सक्छ उसको लडाइँ सामूहिक थियो
यस्तै कुरा याद आयो र विचलित भएँ म ।
के उ सुखी थियो ?
र सुखी मान्छे हुन के-कस्ता पूर्वाधार चाहिन्छन् ?
हुन सक्छ उसको सुख नितान्त केन्द्रित थियो एउटा दूलोमा
वा त्यो फैलिएको थियो परिधिभन्दा बाहिर
र हुन सक्छ उसले अरूका लागि सुख खोजिरहेको थियो ।

दौरासुरुवाल वा कछाड लगाएका मलामीहरू
गरिब र थोरै थिए
तर, मलामी हेर्दैमा मृतक साधारण
वा असाधारण कसरी थाहा लाग्न सक्छ र ?
चर्चामा थिएन होला
तर, के चर्चामा नहुँदै मानिस साधारण हुन्छ ?

... 'जाबो' एउटा लास लगिँदैछ
र विचलित भएँ म ।

घट्टेकुलो, १७ मे १९९५

# युगप्रवेश

म ती दिनका कुरा गर्दैछु
जब सूर्य पनि आङ तान्दै
आफ्नो गुफाबाट निस्कन्थ्यो
अनि म ती रातका कुरा गर्दैछु
जब चाँदनी मस्किँदै
आफ्नो आश्रयबाट सुस्तरी ओर्लन्थी
बिहान मोतीभन्दा पनि अनमोल शीत
फूलका पत्रमा टल्किन्थे
चमेली फुल्थे, हरिया रूखहरू पवनसँगै झुल्थे
सूर्यमुखी बैँसको संघारमा ढल्केर उभिन्थे।
जता हेर्‍यो नजर त्यतै टोलाउँथ्यो
छहरा पनि आफ्नो गति एकैछिन रोकेर स्याँस्याँ शान्त पार्थ्यो
प्रकृतिको सम्पूर्ण रस आफ्नो प्यालामा भर्थ्यो र पिउँथ्यो
यी सबै कुरा सम्झेर अचेल मन एकदमै उदास छ।
किनभने, मानौँ भर्खर जन्मिएको एउटा शिशुलाई
रगतपछ्य पारेर बीभत्स तरिकाले मारिएको छ
अनि मानौँ राजा माइदासले छोएर
सारा सुन्दर चीजहरूको
शृङ्गार, सुगन्ध र सौन्दर्य सखाप भएको छ
विरहमा अब आँसु कङ्कर बनेर बर्सिन्छन्
र स्नेह, प्रेम चट्टानका पत्र बनेर
भुइँमा बजारिन्छन् र टुक्रिन्छन्
र अब सायद जीवन अझ कठिन हुनेछ होला

सायद अब विश्वमा फेरि ढुङ्गेयुगको सुरुआत भएको छ।

---

घट्टेकुलो, ४ डिसेम्बर १९९५